सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २५३ ♦ २०८३ साल जेष्ठ १४ विहिवार ♦ 28 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेस सरकारको नीति तथा कार्यक्रम शुक्रबार सार्वजनिक हुँदै

**खबर दर्पण समाचारदाता**

**जेष्ठ १३ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि शुक्रबार नीति तथा कार्यक्रम सार्वजनिक गर्ने भएको छ।

प्रदेशसभा सचिवालयका अनुसार शुक्रबार बिहान ११ बजे बस्ने प्रदेशसभा बैठकमा मधेस प्रदेश प्रमुख डा.सुरेन्द्र लाभ कर्णले सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुनेछ। प्रदेशसभा सचिवालयले दिएको जानकारी अनुसार नेपालको संविधानको धारा १८४ को उपधारा ९२० अनुसार प्रदेश प्रमुख मार्फत सरकारको नीति तथा कार्यक्रम सभामा प्रस्तुत गरिने व्यवस्था रहेको छ। सोही व्यवस्था अनुसार प्रदेश प्रमुख कर्णले प्रदेशसभालाई सम्बोधन गर्नुहुनेछ।

मुख्यमन्त्री यादवले मङ्गलबार मात्रै मन्त्रिपरिषद् विस्तार गरी पूर्णता दिनुभएको छ। मन्त्रीपरिषद विस्तार भए लगत्तै सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याउन लागेको हो।

## पाँच वर्षदेखि गोदाममै थन्किए छात्राका साइकल



**खबर दर्पण समाचारदाता**

**जेष्ठ १३ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले छात्राको शिक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले सुरु गरेको मुख्यमन्त्री 'बेटी पढाऊँ, बेटी बचाऊँ' अभियान अहिले अलपत्र अवस्थामा पुगेको छ। छात्रालाई विद्यालय जान सहज बनाउने लक्ष्यसहित खरिद गरिएका पाँच हजारभन्दा बढी साइकल पाँच वर्षदेखि गोदाममै थन्किएका छन्। प्रयोगविहीन अवस्थामा रहेका ती साइकलमा खिया लाग्न थालेको छ भने अधिकांशका टायरको हावा पनि फुस्किसकेको छ।

यो कार्यक्रम तत्कालीन मुख्यमन्त्री लालबाबु राउत गद्दीको कार्यकालमा २०७५ माघ १ गतेदेखि सुरु गरिएको थियो। सामुदायिक विद्यालयका कक्षा ८ मा अध्ययनरत छात्रालाई साइकल वितरण गर्ने उद्देश्य राखिएको यस योजनाले प्रारम्भिक चरणमा निकै लोकप्रियता पाएको थियो। ग्रामीण क्षेत्रका अभिभावक र छात्रामा विद्यालयप्रति आकर्षण बढेको थियो। तर केही वर्षमै वितरण प्रक्रिया रोकिएपछि विद्यार्थी र अभिभावक निराश बनेका छन्।

महोत्तरीको औरही नगरपालिकाकी कक्षा ९ की छात्रा मेनुकाकुमारी साहले आफू कक्षा ८ मा पुगेपछि साइकल पाउने आशा गरेको बताउनुभयो। "साथीहरूले साइकल पाउँछन् भन्ने सुनेर म पनि निकै खुसी थिएँ, तर म कक्षा ८ मा पुग्दा कार्यक्रम नै रोकिइसकेको थियो," उहाँले भन्नुभयो।

धनुषाको बटेश्वर गाउँपालिकास्थित शिवशक्ति माध्यमिक विद्यालयका छात्राहरू पनि विद्यालय आउजाउ सहज हुने आशामा बसेका थिए। अहिले उनीहरू सरकारप्रति निराश देखिएका छन्।

*बाँकी पृष्ठ ३ मा*

## जलेश्वरबाट १२ वर्षीय बालक एक साता देखि वेपत्ता

**खबर दर्पण समाचारदाता**

**जेष्ठ १३ गते, बर्दिवास**

महोत्तरीको जलेश्वर नगर पालिका-१२, थरुवाही गाउँका १२ वर्षीय बालक गौतम यादव एक सातादेखि बेपत्ता भएपछि उहाँको परिवारमा रुवावासी चलेको छ।

जेठ ७ गते बिहानै साइकल चढी जलेश्वरस्थित एड्भान्स लर्नर्स हिमालयन अङ्ग्रेजी बोर्डिङ स्कुल जलेश्वरका लागि हिँडेका गौतम गाउँबाटै बेपत्ता भएको उहाँका बुवा आशुतोष यादवले बताउनुभयो।

विद्यालय सकेर घर फकर्ने बाटो पर्खेर बसेका बुवा आशुतोष यादव र आमा पुनम यादवको अहिले छोरा बेपता भएपछि चिन्तित हुनुहुन्छ। छोरा बेपत्ता भएपछि पाँच दिनसम्म आमा पुनम बेहोस अवस्थामै हुनुहुन्छ। एक छिन होस नआउँदै आमा पुनमले बरबराउँदै छोरा फर्काएर ल्याई दिन घरमा भेट्न आउनेलाई आग्रह गर्नुभएको छ।

विद्यालय सकेर घर फर्किने बाटो कुरेर बसेका पुनमको छोरा घर फर्किन ढिला भएपछि विद्यालयमा सम्पर्क गरेको र गौतम विद्यालय आउँदै नआएको विद्यालय प्रशासनले जानकारी दिएको थियो।

१५ दिन सम्म पुस्तक नहुँदा विद्यालय नगएका गौतमका बुवाले सापटी पाँच हजार लिएर किताब कापी किनेर जेठ ७ गते बिहान ६ बजे विद्यालय जान गौतमलाई पठाउनुभएको थियो।

बुवा आशुतोषका अनुसार



आफ्नो छोरा वेपता हुनुभन्दा एक दिन अगाडि पनि यस्तो दुई तिन घण्टा सम्म छोरा सम्पर्क विहिन भएका थिए। त्यो दिन दुई तिन घण्टा पछि नै पछि फर्केकोले सामान्य भन्दै खोजिबिन नगरेको उहाँले बताउनुभयो।

खर्च कटौतीको बहानामा सबै तहका सरकारी सूचना र विज्ञापन राज्य नियन्त्रित संचार माध्यमलाई मात्र दिने स्वेच्छाचारी र विभेदकारी निर्णय विरुद्ध नेपाल पत्रकार महासंघले थालेको चरणबद्ध आन्दोलनप्रति पूर्ण ऐक्यबद्धता व्यक्त गर्दछौ।

# जनकपुरधामको एक मात्र कभर्ड हल जीर्ण, जोखिममा खेलाडी



**खबर दर्पण समाचारदाता**

**जेष्ठ १३ गते, बर्दिवास**

मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित एक मात्र कभर्ड हल जीर्ण अवस्थामा पुगेपछि खेलाडी तथा प्रशिक्षकहरूले चिन्ता व्यक्त गरेका छन् ।

"खेली मधेश, जिती मधेश" भन्ने मूल नारासहित हालै सुरु गरिएको प्रदेशस्तरीय खेलकुद प्रतियोगिता यही हलमा सञ्चालन भइरहेका बेला संरचनाको कमजोर अवस्थाले दुर्घटनाको जोखिम बढाएको हो ।

गत साता मधेशका आठवटै जिल्लाका खेलाडीहरूको सहभागितामा प्रदेशस्तरीय खेल प्रतियोगिताको उद्घाटन यही हलमा गरिएको थियो । तर, हलको छत चुहिने, सिलिङ झर्ने तथा हावाहुरीका कारण संरचनामा थप क्षति पुगेपछि खेल गतिविधि जोखिमपूर्ण बनेको खेलाडीहले बताएका थिए ।

हालै यही हलमा कराते प्रतियोगिताको डेमो खेलसमेत सञ्चालन गरिएको थियो । खेलाडी र प्रशिक्षकहरूले कुनै पनि बेला छतको सिलिङ खस्न सक्ने अवस्था रहेको भन्दै तत्काल मर्मतको माग गरेका छन् । उहाँहरूका अनुसार हलको जीर्ण अवस्थाले खेलाडी घाइते हुने खतरा बढेको छ ।

तत्कालीन सामाजिक विकासमन्त्री सुरिता कुमारी साहको कार्यकालमा हलको छत निर्माणका लागि २५ लाख रुपियाँ बजेट विनियोजन गरिएको थियो । तर, निर्माणकै क्रममा आएको हावाहुरीले छतमा थप क्षति पुऱ्याएको थियो ।

अहिले पनि हुरीबतास आउँदा संरचना झन् कमजोर बन्दै गएको क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डे 'गुड्डु'ले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यस्तो अवस्थामा प्रदेशको राजधानीमा खेल सञ्चालन हुनु दुर्भाग्यपूर्ण हो । जुनसुकै बेला दुर्घटना हुन सक्छ ।"

मधेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी साह कानुले कभर्ड हल यसअघि राष्ट्रिय खेलकुद परिषद्को मातहतमा रहेकाले पुरानो अवस्थाबारे पूर्ण जानकारी नभएको बताउनुभयो । उहाँले प्रदेशमा पहिलो पटक परिषद् गठन भएको उल्लेख गर्दै चालु आर्थिक वर्षमै मर्मतसम्भारका लागि बजेट विनियोजन भइसकेको र ठेक्का प्रक्रिया समेत सम्पन्न भएको जानकारी दिनुभयो ।

"अबको केही दिनभित्र हलको मर्मत भएको देख्नुहुनेछ," सदस्य सचिव कानुले भन्नुभयो । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षमा १९ वटा खेलका लागि आठ जिल्लामा २ करोड ५५ लाख रुपियाँ खर्च गरेर विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरेको थियो ।

सयौँ खेलाडी सहभागी हुने प्रदेशकै प्रमुख खेल संरचनामध्ये एक जनकपुरधामको कभर्ड हल भने लामो समयदेखि उपेक्षामा परेको भन्दै खेलाडीले असन्तुष्टि जनाएका छन् ।

# जलेश्वरमा विपद् प्रतिकार्य संयुक्त अभ्यास सम्पन्न




**खबर दर्पण समाचारदाता**

**जेष्ठ १३ गते, बर्दिवास**

जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा महोत्तरीको जलेश्वर नगरपालिका-१ स्थित शंकर चौक नजिक वरुण पोखरीमा विपद् प्रतिकार्य संयुक्त अभ्यास कार्यक्रम सम्पन्न भएको छ । बुधबार बिहान ०८:४५ बजेदेखि ०९:२५ बजेसम्म सञ्चालन भएको उक्त अभ्यास विपद् व्यवस्थापनको तयारी, समन्वय र तत्काल उद्धार क्षमताको परीक्षण गर्ने उद्देश्यले गरिएको हो ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न सुरक्षा निकाय तथा सरोकारवाला संस्थाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा विशेष अतिथिका रूपमा जलेश्वर नगरपालिकाका नगर प्रमुख सुरेश साह सोनारको उपस्थिति रहेको थियो ।

त्यसैगरी कार्यक्रममा नेपाली सेनाको गोरखनाथ गणका गणपति रामप्रसाद लामिछाने, सशस्त्र प्रहरी बल नेपाल नं. ९ गण हेडक्वार्टरका प्रमुख शेरबहादुर अधिकारी, जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख श्याम सारु मगर, नेपाल रेडक्रस सोसाइटी तथा प्रादेशिक अस्पताल जलेश्वरका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

अभ्यासमा विपद् अवस्थामा खोज, उद्धार, प्राथमिक उपचार तथा आपतकालीन व्यवस्थापनका विभिन्न चरणहरूको प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, भद्रभलादमी, सञ्चारकर्मी लगायत करिब १५० जनाको उपस्थिति रहेको आयोजकले जनाएको छ ।

सुरक्षा निकायहरूको संयुक्त समन्वयमा सम्पन्न उक्त अभ्यासले विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने विश्वास गरिएको छ ।



## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# “मलाई बचाइदिनुस्” भन्दै औरहीका जोगेन्द्र मण्डलको भावुक अपिल



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
जेष्ठ १३ गते, बर्दिवास

महोत्तरीको औरही नगरपालिका-१ निवासी ४० वर्षीय जोगेन्द्र मण्डल गम्भीर रोगबाट पीडित भएपछि उपचारका लागि आर्थिक सहयोगको अपिल गर्नुभएको छ। वैदेशिक रोजगारीका क्रममा पक्षघात (प्यारालाइसिस) भएपछि स्वदेश फर्किनुभएका मण्डल हाल किड्नी, पेनक्रियाज तथा पेटसम्बन्धी जटिल समस्याबाट पीडित हुनुहुन्छ। परिवारका अनुसार उहाँको एउटा किड्नी पूर्ण रूपमा खराब भइसकेको छ भने विगत ६ महिनादेखि लगातार पेट दुख्ने, बान्ता भइ रहने तथा शरीर कमजोर हुँदै जाने समस्या देखिएको छ। पीडित मण्डलले आर्थिक अभावका कारण समयमै उपचार गराउन नसक्दा रोग झन् जटिल बन्दै गएको बताउनुभयो।

“विदेशमा रहँदा पक्षघात भयो, त्यहीँ उपचार गराएर नेपाल फर्किएँ। नेपाल आएको केही महिनापछि फेरि पेटमा असह्य पीडा सुरु भयो। अहिले सामान्य हिँडडुल गर्न सक्छु, तर उपचार गर्ने पैसा छैन,” उहाँले भन्नुभयो। उहाँले वैदेशिक रोजगारीबाट कमाएको सम्पूर्ण रकम तथा आफूसँग भएको जग्गासमेत बैंकमा धितो राखेर उपचार गराएको बताउनुभयो। “विदेशमा कमाएको सबै पैसा उपचारमै सकियो। भएको थोरै जग्गासमेत बैंकमा राखेर उपचार गराएँ। अब थप उपचार गर्ने अवस्था छैन,” उहाँले भावुक हुँदै भन्नुभयो। घरको एकमात्र कमाउने व्यक्ति बिरामी परेपछि परिवारसमेत समस्यामा परेको छ। उहाँका चार जना साना छोराछोरी र श्रीमती छन्। तीमध्ये एक छोरा र एक छोरी अपांग रहेको परिवारले जनाएको छ।

बिरामीकी श्रीमती प्रमिला देवीले आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले उपचारलाई निरन्तरता दिन कठिन भइरहेको बताउनुभयो। “घरमा कमाउने मान्छे नै बिरामी भएपछि धेरै समस्या भएको छ। बालबच्चाको पालनपोषण गर्नसमेत गाह्रो भइर हेको छ ।हालसम्म उपचारमा धेरै रकम खर्च भइसकेको छ, अब थप उपचार गराउन सक्ने अवस्था छैन,” उहाँले भन्नुभयो। उहाँले मनकारी व्यक्ति, संघसंस्था तथा देश-विदेशमा रहेका नेपालीसँग सहयोगको अपिल गर्नुभयो। “मानवताका नाताले सकेको सहयोग गरिदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछु,” उहाँले भन्नुभयो।

औरही नगरपालिका-१ औरही निवासी तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नगर उपसभापति मनोज कुमार चौधरीले मण्डलको उपचारका लागि आर्थिक सहयोग जुटाउन विभिन्न तहमा पहल सुरु गर्नुभएको छ ।चौधरीले मण्डलको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको र उपचार अभावमा जीवन जोखिममा परिरहेको भन्दै सबै मनकारी व्यक्ति, संघसंस्था तथा समाजसेवीहरूसँग सहयोगका लागि अपिल गर्नुभयो।

“जोगेन्द्र मण्डल लामो समयदेखि गम्भीर रोगसँग संघर्ष गरिर हनुभएको छ। उहाँको परिवार को अवस्था निकै कमजोर छ। उपचार अभावमा एउटा परिवार ठूलो संकटमा परेको छ,” उहाँले भन्नुभयो। उहाँले देश तथा विदेशमा रहेका नेपाली समुदाय, सामाजिक अभियन्ता, राजनीतिक दल, व्यवसायी तथा सहयोगी मन भएका सबैलाई मानवताको नाताले सहयोग गर्न आग्रह गर्नुभयो।

“सानो-सानो सहयोगले पनि एउटा बिरामीको जीवन बच्न सक्छ। त्यसैले सबैले सक्दो सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु,” चौधरीले बताउनुभयो। परिवारिक स्रोतका अनुसार हालसम्म मण्डलको उपचारमा करिब १५ लाख रुपैयाँ खर्च भइसकेको छ भने थप १० लाख रुपैयाँ आवश्यक पर्ने बताइएको छ।

सहयोग गर्न इच्छुक व्यक्तिले सिटिजन्स बैंक इन्टरनेशनल बैंक, औरही शाखा, महोत्तरीमा रहेको प्रमिला देवी मण्डलको नामको खाता नम्बर ०६६०१००००३८३४०४१ मा रकम जम्मा गर्न सक्ने परिवारले जनाएको छ। थप जानकारीका लागि ९७०२२२२३८८ मा सम्पर्क गर्न सकिने बताइएको छ।

# पाँच वर्षदेखि गोदाममै थन्किए ......

२०७८ असोज १३ गते साइकल खरिद प्रक्रियामा अनियमितता भएको आरोपपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा छापा मारेको थियो। त्यसपछि साइकल वितरण प्रक्रिया रोकिएको हो। हाल जनकपुर चुरोट कारखानाको पुरानो गोदाममा साढे पाँच हजारभन्दा बढी साइकल थन्किएका छन्। लामो समयसम्म प्रयोग नभएकाले साइकल बिग्रँदै गएका छन्। यसले सरकारी बजेटको प्रभावकारी उपयोगमाथि प्रश्न उठाएको छ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सरकार साइकल वितरण गर्न इच्छुक भए पनि प्रशासनिक प्रक्रियामा अवरोध रहेको बताउनुभयो। “हामी साइकल वितरण गर्न चाहन्छौं, तर कर्मचारीले प्रक्रिया अघि बढाउन मानेका छैनन्,” उहाँले भन्नुभयो।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका प्रदेश सचिव एवं प्रवक्ता यमेन्द्र उपाध्यायले भने गोदाममा रहेका साइकलबारे स्पष्ट जानकारी नभएको प्रतिक्रिया दिनुभयो। शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक उद्धव राय यादवले आफू हालै जिम्मेवारीमा आएकाले विस्तृत जानकारी नभएको बताउनुभयो।

कार्यक्रमका तत्कालीन संयोजक प्रियङ्का यादवका अनुसार चार चरणमा ४२ हजार १४० थान साइकल खरिद गरिएको थियो। तीमध्ये ३५ हजार ३४० साइकल वितरण भइसकेका छन् भने बाँकी हजारौं साइकल अझै गोदाममै छन्।

अख्तियारको छानबिनपछि कार्यक्रम सामाजिक विकास मन्त्रालय हुँदै शिक्षा विकास निर्देशनालयमा हस्तान्तरण गरि एको भए पनि वितरण प्रक्रिया अझै अन्योलमै छ। स्थानीय अभिभावक र छात्राहरूले सर कारको ढिलासुस्तीप्रति असन्तुष्टि जनाएका छन्। उनीहरूका अनुसार साइकल वितरण भएको भए विद्यालय जान सहज हुने थियो र धेरै छात्राले पढाइलाई निरन्तरता दिन सक्ने थिए। छोरीहरूको शिक्षामा सुधार ल्याउने उद्देश्यले सुरु गरिएको महत्वाकाङ्क्षी योजना कार्यान्वयनमै अल्झिँदा यसको प्रभावकारितामाथि गम्भीर प्रश्न उठ्न थालेको छ। अहिले उक्त कार्यक्रम प्रभावहीन बन्दै गएको छ।

## डेंगी ज्वरो
DENGUE FEVER



**परिचय**

डेंगी 'एडीस एजिप्टी' र 'एडीस एल्बोपिक्टस्' प्रजातिका लामखुट्टेको टोकाइबाट सर्छ। त्यसैले यसबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिनु पर्छ।

**लामखुट्टेले टोक्ने समय**

एडीस जातका लामखुट्टेले प्रायः गरेर दिनमा टोक्दछन्। विशेष गरी, घाम उदाएको २ घण्टा पछाडि र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडि यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा बढी सचेत हुनुपर्छ।

**लामखुट्टे वृद्धि विकास हुने स्थान**

एडीस लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ। खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोत्तल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फूलदानी, गमला, कुलर, पानीका ट्यांकी जस्ता पानी जम्ने भाँडा तथा छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो आदि स्थानहरुमा फुल पार्छ र यो लामखुट्टेको वृ...

**लक्षणहरु**

यदि तपाईमा तल उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त अस्पताल वा स्वास्थ्य संस्था जानुहोला:

- एक्कासि ज्वरो आउने
- थकान महसुस हुने
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रूचि नलाग्ने
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने
- वाकवाकी लाग्ने वा बान्ता हुने

यसका साथै बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने जस्ता लक्षणहरू देखापर्न डेंगीका जटिल अवस्था हुन।

**औरही नगरपालिका,**
**महोत्तरी**

## पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौ।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।



–सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

**गौशाला नगरपालिका,**
**महोत्तरी**

# 'मानव अधिकारको रक्षाका लागि आर्थिक सम्पन्नता आवश्यक'

खबर दर्पण समाचारदाता

**जेष्ठ १३ गते, बर्दिवास**

प्रदेश प्रमुख डा. कर्णले राष्ट्रिय मानव अधिकार आयोगको मधेश प्रदेश कार्यालयद्वारा आयोगको २६ औँ वार्षिकोत्सव समारोहको आज जनकपुर धाममा उद्घाटन गर्दै उहाँले मानव अधिकार आर्थिक अधिकारसँग जोडिएको बताउँदै मानवको आधारभूत आवश्यकताको सम्बोधन अर्थमा नै निहित भएकाले मधेश प्रदेशमा मानव अधिकारको अवस्थामा सुधार गर्नका लागि शिक्षा, स्वास्थ्यमा सुधार आवश्यक भएको बताउनुभयो ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले सुशासन विना मानव अधिकार को कल्पना गर्न कठिन हुने भएकाले अहिले राज्य सुशासन स्थापनाका लागि लागि परेको बताउनुभयो ।

महिला मानव अधिकार रक्षक सञ्जालका धनुषा जिल्ला अध्यक्ष रेखा झाले मधेश प्रदेशका जिल्लाहरूमा महिलाहरू विभिन्न हिंसामा परिरहेको बताउँदै पिडकलाई सजाय तथा पीडितलाई न्याय दिएको खण्डमा मात्र मानव अधिकारको रक्षा गर्न सकिने बताउनुभयो ।



एडभोकेसी फोरम मधेश प्रदेशका संयोजक अधिवक्ता र ाज कुमार महासेठले मानव अधिकार उल्लङ्घनका घटनाको छानविन तथा उल्लङ्घन कर्ता माथि कारवाहीको उद्देश्यसहित स्थापना भएको आयोगको कामलाई प्रभावकारी बनाउनेतर्फ राज्य गंभिर हुन जरुरी रहेको बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका कार्यालय प्रमुख बुद्धनारायण साहनीले आयोगको प्रदेश कार्यालयमा हालसम्म ४३२ उजुरी चालु रहेकोमा ७१ वटा उजुरीमा कारबाही सम्पन्न भएर सक्कल फाइल आयोगको केन्द्रीय कार्यालयमा पठाइएको बताउनुभयो ।

# महोत्तरीमा श्रीमतीमाथि जबरजस्ती करणीको आरोपमा श्रीमान् पक्राउ

खबर दर्पण समाचारदाता

**जेष्ठ १३ गते, बर्दिवास**

महोत्तरीमा आफ्नै श्रीमतीमाथि जबरजस्ती करणी गरेको आरोपमा श्रीमान् पक्राउ परेका छन्।

२२ वर्षीया महिलाले आफ्ना श्रीमानले इच्छाविपरीत पटक-पटक जबरजस्ती करणी गरेको आरोपसहित जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दिएपछि प्रहरीले उनलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेका अनुसार आरोपितलाई बुधबार बिहान आफ्नै घरबाट पक्राउ गरिएको हो।

प्रहरीले उनलाई जिल्ला अदालत महोत्तरीबाट ५ दिनको म्याद थप गरी थप अनुसन्धान अघि बढाएको जनाएको छ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

भंगहा नगरपालिका, महोत्तरी

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

जनकपुरधाम उपमहानगरपालिका

धनुषा , जनकपुरधाम
मधेश प्रदेश

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

मिथिला नगरपालिका, धनुषा

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,